**प्रस्तावहरुः**

१. पाचौ नगरसभा २०७७ को बन्दसत्र सम्बन्धमा ।

२. आ.व. २०७७/७८ को वार्षिक, कार्यक्रम तथा बजेट नगरसभा कार्य सञ्चालन कार्यविधि २०७४ को नियम १६ बमोजिम पेश भएका विभिन्न शिर्षकहरु सम्बन्धमा ।

३. अनुमोदन गर्ने सम्बन्धमा ।

४. सोधभर्ना सम्बन्धमा ।

५. नगरसभा स्थगित गर्ने सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाको पाचौं नगरसभा २०७७ को बन्दसत्र मिति २०७७/०३/१० गते दिउँसो १:०० बजे गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** स्थानीय सरकारको शासन व्यवस्था सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २० बमोजिम मिति २०७७ अषाढ ९ गते बसेको कार्यपालिका बैठकबाट स्विकृत भएका तपशिल बमोजिमका विद्येयक तथा आ.व. २०७७/७८ को वार्षिक, कार्यक्रम तथा बजेट नगरसभा कार्य सञ्चालन कार्यविधि २०७४ को नियम १६ बमोजिम निर्णयार्थ नगरसभामा प्रस्ताव पेश गरियो ।

क) आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, बजेट

ख) आर्थिक ऐन २०७७

ग) राजश्व क्षतिपुर्ति तथा मिनाहा

घ) कार्यपालिका बैठक तथा नगर प्रमुखबाट भए गरेका निर्णयहरु

ङ) लेखा समितिको प्रतिवेदन

च) न्यायिक समिति कार्य सञ्चालन कार्यविधि २०७६ संशोधन

छ) कर्मचारीहरुको तलबी प्रतिवेदन

ज) आर्थिक ऐन २०७६ संशोधन

झ) करारका कर्मचारीहरुको बिमा तथा सामाजिक सुरक्षा कोष

ञ) न्यायिक समितिको प्रतिवेदन

ट) चालु आ.व.२०७६/०७७ का योजनाहरुको म्याद थप

ठ) सामुदायिक विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन खर्च दिने सम्बन्धमा ।

ड) गोदावरी नगरपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

**क)** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम २०७७ अषाढ १० गते नगर उप प्रमुख श्री रत्ना कडायतज्यूले प्रस्तुत गरेको गोदावरी नगरपालिकाको आगामी आ.व. २०७७/०७८ को वार्षिक नीति कार्यक्रम तथा बजेट मिति २०७७ अषाढ १० गतेको नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

## गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

गोदावरी नगरपालिकाको पाँचौ नगरसभाको उद्घाटन सत्रका सभाअध्यक्ष महोदय, नगरसभाका पार्षदज्यूहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू, कर्मचारी साथीहरु लगायत अन्य उपस्थित माहानभावहरु ।

नेपाल लगायत सम्पूर्ण विश्व कोभिड -१९ (कोरोना भाइरस) को चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थामा आज यस गोदावरी नगरपालिकाको सम्मानित पाँचौ नगरसभामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को ब्यवस्थाका आधारमा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु । साथै विश्वभर

र नेपालमा पनि कोभिड -१९ महामारीका कारण जीवन गुमाउनु हुने नेपाली नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना ब्यक्त गर्दछु र उपचारत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस उद्घाटन सत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरि आथित्यता ग्रहण गरिदिनु हुने नगरसभाका पार्षदज्यूहरु लगायत सम्पूर्ण महानभावहरु प्रति हार्दिक स्वागत अभिवादन गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

कोभिड -१९ को संक्रमण रोकथाम, उपचार तथा राहत वितरणमा स्थानीय तहले अग्रपंतीमा रही सकृय भूमिका निर्वाह गरेको सर्वविदितै छ । यस जोखिमपूर्ण परिस्थितीमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक लगायत राष्ट्रसेवक कर्मचारीहरुको म उच्च प्रशंसा गर्दछु । यस महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार लगायत स्थानीय तहका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका नेतृत्व वर्ग, निजी तथा ब्यवसायिक क्षेत्र, संचारकर्मीहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै अत्यावश्यक बस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै ब्यक्ति तथा संघ संस्थालाई धन्यवाद दिन चाहन्छु । गोदावरी नगरपालिकाले समय समयमा जारी गरेका सूचनाहरुको पूर्णरुपमा पालना गरि सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाई प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

गोदावरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हाम्रो भूगोल, सामाजिक पृष्ठभुमि, विकास प्रतिको धारणा, संस्कृती, कानूनी ब्यवस्था, राज्यको पुनसंरचनाको प्रारम्भिक अभ्यास र कोभिड -१९ आदीका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । अहिले हामी कोराना भाइरसको महामारीबाट उत्पन्न असामान्य परिस्थितीमा छौं । यस माहामारीले नेपाल तथा यस नगरपालिकाको अर्थब्यवस्था माथी गम्भिर धक्का पुऱ्याएको छ । हाम्रो इतिहासलाई, समस्त मानव समाजलाई कस्तो मोड दिन्छ भन्ने आँकलन गर्नु अलिक छिटो हुन्छ तर पनि यसका असाधारण प्रभाव हामी र हाम्रो सन्तान-दरसन्तानले भोग्नु अनिवार्य जस्तै छ । यद्यपि हाम्रो संरचना, कानूनी र आर्थिक अवस्थाका आधारमा गोदावरी नगरपालिकाको बजेट यस माहामारीबाट प्रत्यक्ष प्रभावित क्षेत्रमा अत्याधिक लगानी नगरे अशिक्षा, रोग, भोग र गरिवी बढ्न जाने हुँदा आधुनिक उपकरण लगायतका स्वास्थ्य पूर्वाधार, विदेशबाट फर्केका र बेरोजगार युवाका लागी आधुनिक कृषि र बजार एवं स्वरोजगारका कार्यक्रम, विपद पूर्व तयारी र ब्यवस्थापनका लागि ठोस कदम चाल्नु पर्ने देखिन्छ । कोभिड -१९ का कारण यस नगरपालिकाले चालु आ.व.मा आशातित लक्ष्य हासिल गर्न नसकेको हुँदा अधिकांश प्रतिवद्धताहरु अधुरो रहन गएकोले यस आ.व.मा समेत सम्मानित सभाबाट उक्त प्रतिवद्धताहरुलाई जोड दिइनेछ भने केही कुराहरु बद्लिदो परिस्थिती समेतका आधारमा पेश गरिएको ब्यहोरा समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

आ.व. ०७७/७८ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आ.व. ०७६/७७ का नीति तथा कार्यक्रम समेतलाई मध्येनजर गर्दै संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, सघ र प्रदेशको साझा अधिकार सूची, स्थानीय तहको एकल अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, १५ औं आवधिक योजना, सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, अन्तर सरकारी वित्तिय ब्यवस्थापन ऐन, २०७४ र अन्तराष्ट्रिय स्तरमा नेपालले ब्यक्त गरेको विषयगत क्षेत्रका प्रतिवद्धता एवं वर्तमान परिस्थितीले सृजना गरेको मावन स्वास्थ्य संरक्षण अनुरुप नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी देहाय बमोजिम **वार्षिक नीति, कार्यक्रम र बजेट** तय गरिएको छ ।

१. कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार एवं भविष्यमा आउन सक्ने यस प्रकारको माहामारी विरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सबल बनाउने नीति लिइनेछ ।

२. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै मालाखेती अस्पताल लगायतका स्वास्थ्य संस्थाहरुमा आधुनिक उपकरण सहित स्वास्थ्य पूर्वाधारमा जोड दिई स्वास्थ्यको गुणस्तर अभिबृद्धि गरिने छ र जनशक्तिको क्षमता अभिवृद्धि गरिनुका साथै स्वास्थ्य बीमा कार्यक्रमको विस्तार गर्ने नीतिलाई निरन्तरता दिइने छ । र स्वास्थ्य संस्थाहरुको क्षमता विकासका लागी सम्बन्धित निकायसँग पहल गरिनेछ ।

३. कोभिड -१९ माहामारीका कारण विश्व समुदाय आक्रान्त भएको समयमा नेपाल पनि अछुतो रहन नसकेको परिदृश्य हामी सामु छर्लङ्गै छ । त्यस्ता माहामारीबाट शिक्षा लिदै आगामी दिनमा रोकथाम, नियन्त्रण र उपचारका लागी मालाखेती अस्पतालमा कोरोना भाइरस लगायतका संक्रामक रोगको छुट्टै कक्ष सचालन गर्ने नीति लिइनेछ ।

४. विकास र सुशासन अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुऱ्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभुति दिन सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने नीति लिइनेछ ।

५. शान्ति सुरक्षा, रोजगारी अभिबृद्धि, सामाजिक सुरक्षा र मानव संसाधनको क्षमता विकासमा सहयोगी भुमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, ब्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्बी बनाउन भ्रष्टाचार बिरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

६. कोरोना भाइरसका कारण नेपाल, भारत र तेस्रो मुलुकबाटबाट रोजगारी गुमाई फर्केका युवाहरुलाई आधुनिक कृषि एवं स्वरोजगारका कार्यक्रम र कृषिमा टुटेको उत्पादनलाई पुर्नस्थापित गर्न कृषि क्षेत्रलाई ब्यवसायीकरण र यान्त्रिकरण गर्दै आयस्तरमा सुधारका साथै कृषि क्षेत्रमा सिंचाइको ब्यवस्था सहित कृषि सामग्री र प्रविधिमा जोड दिने नीति लिइनेछ । साथै बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउन युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना संचालन गरिनेछ ।

७. पशुजन्य उत्पादनमा जोड दिदै किसानलाई उन्नत पशु स्वास्थ्य सेवा निःशुल्क तथा लागत साझेदारीमा सेवा दिई दूध र मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहित गरिने छ । पशुपंक्षी पालनमा किसानलाई पशु बीमा गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

८. परम्परागत रुपमा पशु पंक्षी पालन गर्दै आएका कृषक तथा कृषक समूहलाई लक्षित गरी नश्ल सुधार तथा आहार ब्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । विदेशबाट रोजगारी गुमाई फर्केका युवालाई लक्षित गरि पशुपंक्षी ब्यवसायलाई विविधीकरण गर्दै आयमुलक पेशाको रुपमा स्थापित गर्ने नीति लिइनेछ ।

९. नगरपालिकालाई आर्थिक रुपमा सवल बनाउने उद्देश्य अनुरुप यस भन्दा अगाडी लगाइएको करलाई निरन्तरता दिइनेछ र करको दायरलाई पराकिलो बनाइ करका नयाँ श्रोतहरुको खोजी गरी आन्तरिक आय बृद्धि गर्ने नीति लिइनेछ ।

१०. श्रोत परिचालन र ब्यवस्थापनलाई वैकल्पिक र यथार्थ परक बनाउने नीति लिदै सबै करका शिर्षकहरुलाई ब्यवस्थित बनाई अनलाइन प्रणालीको माध्यमबाट कर संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

११. कोभिड -१९ माहामारीका कारण धेरै लामो समयसम्म ब्यापार ब्यवसाय बन्द भई अर्थब्यवस्थामा नकारात्मक असर पर्न गएकोले ब्यवासायीहरुलाई ब्यवसायी करमा केही प्रतिशत छुटका साथै अन्य राहत दिइनेछ ।

१२. नगरपालिकामा सबै भन्दा बढी कर तिर्ने करदातालाई एवं रोजगारी सृजना गर्ने तथा नगरलाई आर्थिक रुपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी तथा उद्योगीलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

१३. नगरक्षेत्रमा औद्योगिक, व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सृदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

१४. आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिइने छ । साथै सामुदायिक विद्यालयहरुलाई मर्ज गरी दरवन्दी मिलान गर्ने नीति लिइनेछ ।

१५. सबैका लागि गुणस्तरिय शिक्षा प्रदान गर्न सामुदायिक र संस्थागत विद्यालयका बीचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न सहकार्यको कार्यक्रम संचालन गरिनेछ ।

१६. लैङ्गिक उत्तरदायी शासन प्रणाली प्रवर्दन गर्न महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैङ्गिक समानता हासिल गर्न र लैङ्गिक हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१७. सीपमूलक तालिम मार्फत मुक्त कमैया, दलित, आदिवासी, जनजाती, विपन्न परिवारका सदस्यहरुलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

१८. गत आ.व.मा सीमान्तकृत, बञ्चितिकरण, वहिस्करणमा परेका फरक क्षमता भएका जेष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, मजदुर, अल्पसंख्यक, तेस्रो लिंगीहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्न पाउने वातावरण सृजना गर्ने नीति लिइएको आगामी आ.व.मा यसलाई निरन्तरता दिइनेछ ।

१९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न चालु आ.व.मा दुईवटा वडाहरुमा बैङ्किक प्रणाली मार्फत भत्ता वितरण कार्य भईरहेकोमा आगामी आ.व.मा बाँकी १० वटा वडाहरुमा उक्त प्रणाली मार्फत भत्ता वितरणको कार्य गरिनेछ ।

२०. गत आ.व.मा स्वीकृत गरिएको पर्यटन गुरु योजना कार्यान्वयन गर्न छिमेकी पालिका, प्रदेश र संघ सरकारसँग समवन्य गरी एकिकृत रुपमा कार्यक्रम अगाडी बढाईने छ ।

२१. स्थानीय भाषा, साहित्य, कला र संस्कृतीको सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

२२. वन तथा वातावरण संरक्षण र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई प्राथमिकता दिँदै विकास आयोजना संचालन गरिनेछ ।

२३. स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँच अभिवृद्धि गर्न नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको श्रोतलाई अधिक्तम परिचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२४. गत आ.व.मा स्वच्छ नगर, सफा नगर, हाम्रो नगरको रुपमा विकास गर्न गोदावरी नगरपालिका भित्र फोहरमैलाको संकलन, पुनः उपयोग, प्रशोधन र विसर्जन जस्ता सरसफाईसित सम्बन्धित चेतनामुलक क्रियाकलापहरुमा आम नागरिकको हातेमालो गरिने साथै फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरणको अवधारणा लागु गरी फोहोरबाट मोहोर बनाउने नीति लिईएकोमा आगामी आ.व.मा पनि यसलाई निरन्तरता दिइनेछ ।

२५. गत आ.व.मा यस नगरपालिका भित्र रहेका सहकारी संस्थाका सदस्यहरुको आर्थिक, सामाजिक र मानविय विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न सहकार्य गर्ने नीतिलाई निरन्तरता दिने र आगामी आ.व.मा सहकारी सस्थाहरुको दर्ता प्रक्रियालाई निरुत्साहित गरी नियमन र प्रभावकारिताका लागि सहकारी संस्थाहरुको सहिमतीमा दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरुलाई मर्ज गर्ने नीति अवलम्बन गरिनेछ ।

२६. गोदावरी नगरपालिकाले स्वीकृत गरेको मजदुर परिचयपत्र वितरण कार्यविधी, २०७६ बमोजिम प्रतिष्ठान र प्रतिष्ठान बाहिर संगठित तथा असंगठित मजदुरहरुलाई परिचयपत्र वितरण कार्य गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७७/७८ को क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमती चाहन्छु।

## (क) आर्थिक विकास क्षेत्र

### ❖ कृषि तथा पशुपंक्षी :

२७. कृषिको विकासका लागि गरिएका प्रयासहरुलाई सफल बनाउन र कमजोरीहरुलाई हटाउने उद्देश्यले नेपाल सरकारले कृषि क्षेत्रलाई सुरक्षित र उत्पादनमुलक एवं बचत उन्मुख तुल्याउन उत्पादन सामाग्रीमा अनुदान, सस्तो र सुलभ ऋण, सबै किसानलाई प्राविधिक सेवा, सबै बालीबस्तुको बीमा र न्यूनतम बचतको ग्यारेन्टी जस्ता कृषि विकासका अवधारणाहरुलाई संघीय सरकार र प्रदेश सरकारबाट संचालन गरिने कार्यक्रममा यस नगरपालिकाबाट समेत सहकार्य गरी संचालन गरिनेछ।

२८. कोभिड -१९ का कारणले बेरोजगार रहेका युवाहरुलाई लक्षित गरी विभिन्न कारणले अहिले बाँझो रहन गएको जमिनलाई स्थानीय सहकारीसँग सहकार्य गराई फलफुल खेती, तरकारी खेती, केरा खेती, अदुवा खेती, सुन्तला खेती गर्न प्रोत्साहित गरिनेछ।

२९. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न बाली सघनतामा बृद्धि गर्ने कार्यक्रम जस्तै गहु, मुङ, धान, तोरी, मकै जस्ता बाली कार्यक्रम संचालन गरिने छ र उत्पादन सामग्रीमा ५० प्रतिशत अनुदान र मेसिनरी कृषि औजारमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

३०. यस नगरपालिकामा विभिन्न बालीको उत्पादन हुने भएता पनि भू-बनोटको आधारमा “एक वडा एक उत्पादन” नीति लिई कृषिमा नगरलाई आत्मनिर्भर बनाइनेछ।

३१. करार खेतीलाई प्रोत्साहन गरिने छ र करारमा सामुदायिक वन भित्र बेसार खेती, फलफुल खेती कार्यविधी बनाई संचालन गरिनेछ।

३२. पकेट क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत उत्पादन सामग्री उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

३३. लक्षित वर्ग र कोभिड -१९ कारण बेरोजगारीको समस्याबाट जुझिरहेका ब्यक्तिहरुलाई आयमुलक कार्यक्रम संचालन गरिनेछ।

३४. कृषि प्रविधी हस्तान्तरण गर्न वाली विषयगत सीपमुलक तालिम कार्यक्रम संचालन गरिनेछ।

३५. यस नगरपालिका भित्र उत्पादन हुने विभिन्न वालीमा नतिजा प्रदर्शन र उत्पादन प्रदर्शन गर्ने कार्यक्रम संचालन गरिनेछ।

३६. माटो, हावापानी सुहाउदो बाली तथा फलफुल खेती विस्तार गरिने छ। १० वा १० कठ्ठा भन्दा बढी क्षेत्रफलमा ब्यवसायिक फलफुल खेती गर्ने ब्यवसायीलाई बिरुवा तथा सिंचाईमा अनुदान उपलब्ध गराईने छ।

३७. अनुत्पादक तथा सामुदायिक पशुहरुको संख्या घटाउन विभिन्न पशु बन्ध्याकरण शिविर संचालन गरिनेछ।

३८. सामुदायिक बन, खाली जग्गा तथा नदी किनारमा स्टाइलो, नेपियर, अमलिसो, बाँस तथा अन्य डाले घाँसको विकास गरिनेछ।

३९. गोदावरी नगरपालिका भित्रका अनुत्पादक पशुहरु घटाई उत्पादक पशुहरुको संख्या बढाई दुध उत्पादन बृद्धि गर्न कृतीम गर्भाधानमा जोड दिने र कृतिम गर्भाधान केन्द्रको क्षेत्र विस्तार गरिनेछ। कृतिम गर्भाधान सेवा नपुगेका क्षेत्रहरुमा नश्ल सुधारका लागी उन्नतजातका भालेहरु विशेष अनुदानमा उपलब्ध गराईने छ।

४०. पशुपालन ब्यवसायलाई प्रभावकारी बनाउन र भविश्यमा हुने नोक्सानीबाट पशुधनको सुरक्षाका लागी सुलभ श्रृण र पशु बिमाको लागी पहल गरिनेछ।

४१. पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोगहरु विरुद्ध कृषकहरुको घरदैलोमा गई खोपसेवा संचालन गरिनेछ।

४२. विभिन्न ठाउँमा राखिएका स-साना माछा/मासु पसलहरुको सुधार गरि स्वच्छ मासु उत्पादनमा जोड दिइनेछ ।
४३. स्थान विशेष पशुपंक्षी विकासको लागी विशेष पकेट क्षेत्रको निर्धारण गरिनेछ ।
४४. अति विपन्न एकल महिला/पुरुष, कमलहरी, मुक्त कमैया/हलियाहरुको पहिचान गरि विशेष कुखुरा विकास कार्यक्रम संचालन गरिनेछ ।
४५. कोभिड -१९ का कारण रोजगारी गुमाएका मजदुर, श्रमिक र वैदेशिक रोजगारमा गएका युवाहरुलाई आय आर्जनका लागी समुह मार्फत बाख्रा तथा बंगुर पालन कार्यक्रम संचालन गरिनेछ ।
४६. गाई, भैंसी पालन व्यवसायलाई प्रोत्साहन गर्न व्यवसायिक कृषकहरुलाई गाई, भैंसी खरिद गरि ल्याएमा २० प्रतिशतसम्म अनुदानको व्यवस्था गरिनेछ ।
४७. विभिन्न पशु विकास फमहरु मासु पसल, डेरी पसल सुधारको लागी अनुदानको व्यवस्था गरिनेछ ।
४८. विभिन्न जातका पशु पंक्षी पालनको लागी सीप विकास कार्यक्रम संचालन गरिनेछ ।
४९. परजिवी नियन्त्रण तथा पशुआहारा विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
५०. जेनेटिक तथा अन्य रोगहरुको बारेमा जनचेतना जगाउने खालका कार्यक्रमहरु विस्तार गरिनेछ ।
५१. पशुपंक्षीमा लाग्ने रोगहरुको लागी गुणस्तरिय सेवा प्रदान गरिने छ ।
५२. स्वच्छ मासु, दुग्ध पदार्थ, एग्रोभेट तथा व्यवसायिक पशुपंक्षी फमहरुको नियमन गरिनेछ ।
५३. कृतिम गर्भाधानबाट ब्याएका गाई, भैंसीको लागी सुत्केरी भत्ता तथा आहाराको व्यवस्था गरिनेछ ।
५४. उपचार सेवा नपुगेका ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

### ❖ उद्योग, वाणिज्य र पर्यटन :

५५. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
५६. कोभिड -१९ का कारण विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका ब्यक्तिहरुको सीपको विवरण संकलन गरी त्यस्ता जनशक्तिहरुलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा ब्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरुसँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने ब्यवस्था मिलाईने छ ।
५७. गत आ.व.मा स्वीकृत नगर पर्यटन गुरु योजनाले पहिचान गरेका प्रमुख पर्यटकिय स्थलको प्रचार प्रसारका लागी आवश्यक ब्यवस्था मिलाईने छ ।
५८. प्रमुख पर्यटकिय स्थलहरु र मनोरञ्जन स्थलहरुको पूर्वाधार विकासका लागी स्थानीय तह, स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहान गरिनेछ ।
५९. जिल्लामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धन गरि पर्यटन उद्योगलाई आकर्षित गरिनेछ ।
६०. उद्योग ब्यवसायसँग सम्बन्धित संस्थाहरुको पेशागत तथा संस्थागत क्षमता विकासका लागी उद्योग वाणिज्य संघ र अन्य सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।
६१. उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवाला निकायहरुसँग समवन्य गरी स्थानीय ब्यापारको प्रवर्द्धन तथा हाटबजार ब्यवस्थापनको उचित प्रवन्ध गरिनेछ । ब्यवसायिक फर्मको दर्ता, अनुमती र नविकरण जस्ता कार्यलाई आधुनिकीकरण गरिनेछ ।
६२. जिल्लामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धन गरि पर्यटन उद्योगलाई आकर्षित गरिनेछ ।
६३. गोदावरी नगरपालिका क्षेत्र भित्रका नायल ताल, लामीताललाई पर्यटनको दृष्टीकोणले अगाडी बढाइनेछ ।
६४. गोदावरीधाम र मष्टाधामलाई धार्मिक पर्यटनका रुपमा अगाडी बढाइनेछ ।

## (ख) सामाजिक विकास क्षेत्र

### ❖ शिक्षा, खेलकुद र युवा विकास :

६५. शिक्षा क्षेत्रको विकासका लागी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी प्राविधिक शिक्षा र शिक्षणका वैकल्पिक विधीहरुको निर्माणमा सहकार्य गरिनेछ ।

६६. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय भर्नाबाट नछुट्ने गरी (No Child Left Behind) भर्ना अभियान संचालन एवं अभिभावक नभएका बालबालिकाहरुको अभिभावकत्व ग्रहण गर्न आह्वान गरिनेछ । अपाङ्गता एवं विशेष सिकाइ क्षमता भएका बालबालिकालाई प्रत्येक कार्यक्रममा प्राथमिकता दिइनेछ ।

६७. बालबालिकाको सर्वाङ्गीण विकासका लागी विद्यालयहरुमा नियमित अतिरिक्त क्रियाकलाप र खेलकुद आयोजना गरिने एवं नगरस्तरिय प्रतियोगिताहरु संचालन गरिनेछ ।

६८. गुणस्तरिय र निःशुल्क शिक्षा (कक्षा १० सम्म) का लागी सामुदायिक विद्यालयहरुमा सेवा करार र कार्यविधी बमोजिम शिक्षण सुधार अनुदान उपलब्ध गराईनेछ ।

६९. शिक्षण सिकाइ र परीक्षालाई एक अर्काको परिपूरकका रुपमा लिँदै आधारभूत तह उत्तीर्ण परीक्षाको गुणस्तर सुधार गर्दै यसलाई मानकका रुपमा विकास गरिनेछ ।

७०. विद्यालय सुशासन (School Governance) प्रवर्द्धन गर्न विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तालिम र कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

७१. "एक वडा एक नमुना विद्यालय" कार्यक्रमलाई अगाडी बढाइनेछ ।

७२. पहुँच सुनिश्चितताको आधारमा बालविकास केन्द्र र सामुदायिक विद्यालय गाभ्न (School Merging) लाई प्रोत्साहन गरिनेछ ।

७३. शिक्षक पेशागत विकासका लागि शिक्षक तालिम एवं नियमित विषय शिक्षक गोष्ठी संचालन गरिनेछ । शिक्षकहरुलाई शैक्षणिक योजना निर्माण गरी सिकाइ सामाग्री सहित शिक्षण गर्न नियमति सुपरिवेक्षण मार्फत विद्यालयमा नै प्राविधिक सहायता उपलब्ध गराईनेछ ।

७४. शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र पदाधिकारीलाई सम्मान गरिनेछ ।

७५. विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, व्यवसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताका साथ त्यस क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।

७६. गोदावरी नगरपालिका भित्र खेलका पूर्वाधार विकास गर्दै क्रमशः खेलकूद मैत्री नगरपालिकाका रुपमा विकास गरिनेछ ।

७७. संस्थागत विद्यालयहरुलाई सेवामुखी बनाउन कार्यविधी बमोजिम नियमित अनुगमन, नियमन र सहजीकरण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

७८. साक्षर नगर घोषणा सँगै सामुदायिक सिकाई केन्द्र सुधार र सामुदायिक पुस्तकालय संचालनलाई प्रोत्साहन गरिनेछ । यी संस्थाहरु मार्फत अनौपचारिक शिक्षा, आयआर्जनका कार्यक्रमहरु संचालन गर्दै साक्षरता र जीवनपर्यनत शिक्षा (Life Long Education) समेत प्रवर्द्धन गरिनेछ ।

७९. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मतसंभार, संचालन र व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्था मिलाइने छ ।

८०. विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन गरिनेछ ।

८१. शिक्षक र प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कनमा विद्यार्थीको सिकाइ उपलब्धीलाई महत्वपूर्ण आधार बनाइने छ ।

८२. विद्यालयहरुलाई प्रविधिमैत्री शिक्षण सिकाइका लागी प्रोत्साहन गरिनेछ ।

८३. सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तिर्ण गर्ने विपन्न बालबालिकालाई उच्च शिक्षा अध्ययनका लागी विशेष प्रोत्साहन गरिनेछ ।

८४. नगर क्षेत्रभित्र खेल मैदानको स्तर उन्नतिको कार्य गरिनेछ ।

८५. शिक्षाको गुणस्तर बढाउनका लागी त्रिपक्षिय तथा बहुपक्षिय सामूहिक अन्तर्क्रियात्मक कार्यक्रमहरु सचालन गर्ने र उत्तम विकल्पको कार्यान्वयनमा सामूहिक जोड दिइनेछ ।

८६. टोल विकास समिति र युवा क्लवहरुलाई प्रोत्साहन गरिनेछ ।

८७. नीति कार्यान्वयनको समग्र पक्षहरुका अनुभवका आधार सहित आगामी वर्षको शैक्षिक गुणस्तरमा थप सुधारका लागी शिक्षाप्रेमी, बुद्धिजिवी, शिक्षक महासंघ, पेशाकर्मीहरुसँग छलफल तथा अन्तर्क्रिया गरिनेछ ।

८८. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई नगरपालिकाबाट सम्मान प्रदान गरिनेछ ।

८९. अंग्रेजी माध्यमबाट पढाइ संचालन गरेका सामुदायिक विद्यालयहरुलाई अनुदान उपलब्ध गराइनेछ ।

९०. अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्र मार्फत संचालन गरिनेछ ।

९१. आगामी आ.व. भित्र गोदावरी नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिनेछ ।

९२. नगर शिक्षा समिति गठन गरी विद्यालयलाई मर्ज, दरवन्दी मिलान जस्ता कार्यक्रममा विशेष जोड दिइनेछ ।

९३. विद्यालय नजिक रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई कोरोना कहरबाट बच्न अपनाउनु पर्ने सतर्कता बारे ज्ञानका साथै विद्यार्थीको आँखा, जुका, चुर्ना, छालाजन्य, कान सम्बन्धी, रक्तसंचार जस्ता आधारभूत कुराको स्वास्थ्य जाँचका साथै स्वास्थ्य र सरसफाईसँग सम्बन्धित चेतना उपलब्ध गराउन परिचालन गरिनेछ । यसका लागी वार्षिक कार्यतालिका बनाई त्यस्ता स्वास्थ्यकर्मीको अभिलेख समेत राखी आवश्यक उत्प्रेरणाका साथ परिचालन तथा सम्मान गरिनेछ । यसमा गेटा आँखा अस्पताल र निजी तथा सामुदायिक क्षेत्रका स्वास्थ्य संस्थाहरुको स्वःस्पूर्त रुपमा सहभागिताका लागि आवश्यक पहल गरिनेछ ।

९४. शैक्षिक गुणस्तरमा अब्बल भएका विद्यालयका राम्रा अभ्यासहरुलाई सबै विद्यालयमा प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ ।

९५. संस्कृत र नैतिक शिक्षाको पठन पाठन सुरु गर्ने सामुदायिक विद्यालयलाई आवश्यक सहयोग गरिनेछ ।

९६. खुला विद्यालयको अवधारणालाई विस्तार तथा ब्यवस्थापन गरिनेछ ।

९७. गणित, अंग्रेजी, विज्ञान विषयको सिकाइ उपलब्धी बढाउनका लागी स्थानीय एफ.एम.बाट कक्षा संचालन गरिनेछ । साथै वैकल्पिक शिक्षाको रुपमा रेडिया/एफ.एम. लगायतका संचार माध्यमहरुलाई प्रयोगमा ल्याइनेछ ।

९८. नमूना विद्यालय विकासका लागी प्रस्तावित विद्यालयका शिक्षक तथा विद्यालय ब्यवस्थापन समिति पदाधिकारीहरुलाई अब्बल नतिजा र सिकाइ गुणस्तर उच्च भएका सामुदायिक तथा निजी विद्यालयहरुको भ्रमणका साथै असल पक्षको टिपोट गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

९९. गोदावरी नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ ।

१००. सामुदायिक र संस्थागत विद्यालयहरुमा प्रत्येक दिन कक्षा सुरुहुनु अगावै १५ मिनेट नैतिक, शाररिक र स्वास्थ्य सम्बन्धी अभिमुखीकरण गराई कक्षा कोठामा प्रवेश गराउने नीति अवलम्बन गरिनेछ ।

१०१. ई-हाजिरी र सेतोपाटी नभएका सामुदायिक विद्यालयहरुमा ई-हाजिरी र सेतोपाटी राख्ने कार्यलाई अगाडी बढाइनेछ ।

१०२. खेलकुद विकासको लागी नगरपालिका भित्र मेयर कप/उप-मेयर कपको माध्यमबाट विभिन्न खेलहरु संचालन गरिनेछ ।

## ❖ स्वास्थ्य :

१०३. महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणलाई प्राथमिकीकरणमा राखी पूर्व तयारी तथा आवश्यक पूर्वाधार ब्यवस्थापनमा जोड दिइनेछ ।

१०४. "गुणस्तरिय स्वास्थ्यमा टेवा, टोल टोलमा चिकित्सकीय सेवा" कार्यक्रमलाई संचालन गरिनेछ ।

१०५. नसर्ने रोगहरुको रोकथाम तथा ब्यवस्थापनमा जोड दिइनेछ ।

१०६. गोदावरी स्वास्थ्य चौकीको स्तरोन्नती गरी आधुनिक उपकरण सहित अस्पतालको रुपमा विकास गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१०७. स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा गोष्ठी संचालन र अवलोकन भ्रमण जस्ता कार्यक्रमहरुको ब्यवस्था गरिनेछ ।

१०८. मालाखेती अस्पतालबाट आरम्भ गरिएको चौबिस घण्टे आकस्मिक सेवा नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा पनि चरणवद्द रुपमा लागु गर्ने नीति लिइनेछ ।

१०९. खोप सेवा, पोषण सेवा, परिवार नियोजन सेवा, क्षयरोग नियन्त्रण, मातृत्व तथा नवजात शिशु सेवा लगायतका प्राथमिकीकरणमा परेका सेवाहरुलाई थप सुदृढ पार्दै लगिनेछ ।

११०. स्वास्थ्य क्षेत्रहरुमा प्रत्यक्ष सेवा प्रवाह गर्ने कर्मचारीहरुको नियमित जोखिम भत्ताको ब्यवस्था गरिनेछ ।

१११. आत्महत्या तथा मानसिक स्वास्थ्य समस्याहरुलाई निरुत्साहित एवं निराकरण गर्न उत्प्रेणात्मक कक्षाहरु संचालन गरिनेछ ।

११२. विभिन्न जनचेतनामुलक अभियानहरु संचालन गरिनेछ ।

११३. वातावरणमैत्री रुपमा स्वास्थ्य संस्थाहरु सुदृढीकरण गरिनेछ ।

## ❖ **महिला, बालबालिका, जेष्ठ नागरिक :**

११४. कोरोना भाइरस (कोभिड -१९) बाट प्रभावित महिला, युवा वर्गहरुलाई आयआर्जन, सीपमूलक र उत्पादनसँग जोडी आत्मनिर्भर र स्वरोजगार बनाइनेछ ।

११५. महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणमा जोड दिइनेछ ।

११६. महिला अधिकार एवं हकहित र संरक्षण सम्बर्द्धनमा जोड दिइनेछ ।

११७. हरेक नीतिगत निर्णय एवं विकासका पूर्वाधार निर्माणमा महिलाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

११८. महिला स्वरोजगार सीपमुलक एव उद्यमशिलता विकास कार्यक्रमलाई सशक्त रुपमा अघि बढाइनेछ ।

११९. लैङ्गिक दृष्टिकोणबाट पछि परेका महिलाहरुको क्षमता विकास अभिबृद्धिमा विशेष जोड दिइनेछ ।

१२०. गरिवीको रेखामुनी रहेका एकल महिला, बृद्ध, दलित, पछाडी परेका वर्ग, सीमान्तकृत र लोपोन्मुख जातीका महिलाहरुको समग्र विकासका लागी प्याकेज कार्यक्रम विस्तार गरिनेछ ।

१२१ लैङ्गिक हिंसा, घरेलु हिंसा, बलात्कार जस्ता जघन्य अपराधबाट पिडित महिला, बालबालिकाहरुलाई उचित न्याय प्रदान गर्नका लागी न्यायको पहुँच सुनिश्चित गरिनेछ ।

१२२. कोभिड -१९ बाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुको अवस्थालाई मध्यनजर गरी आवश्यक सहयोगका लागी सहजीकरण गरिनेछ ।

१२३. जेष्ठ नागरिकहरुको हकहित संरक्षण सम्बर्द्धन तथा सहज र सम्मानजनक जीवन यापनका लागी कार्यक्रम संजालन र सहजीकरण गरिनेछ ।

१२४. आर्थिक अवस्था कमजोर भई शिक्षाको पहुँच बाहिर रहेका जनजाती, अनाथ, अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी बालमैत्री शिक्षाको पहुँचमा जोड दिइनेछ ।

१२५. बाल विकास, बाल अधिकार, बाल बचाउ र बाल संरक्षणका लागी आवश्यक कार्यक्रम निर्माण गरी संचालन गरिनेछ ।

१२६. किशोरीहरुको शाररिक, मानसिक स्वास्थ्य एवं आत्म सुरक्षाका लागी आवश्यक परामर्श एवं तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

१२७. बाल विकास र बाल मनोविज्ञानलाई मध्यनजर गरी कार्यक्रम विस्तार गरिनेछ ।

१२८. नगरक्षेत्रमा हिंसामा परेका महिला, बालबालिका, जेष्ठ नागरिकहरुको उत्थानका लागी संघीय र प्रदेश सरकारसँग समन्वय गरी नगरक्षेत्रमा रहेको सेभहाउसको भवन निर्माण कार्यलाई क्रमागत गरी ब्यवस्थित गरिनेछ ।

## (ग) पूर्वाधार विकास क्षेत्र

१२९. पूर्वाधार तर्फका संरचनाहरु छनौट गर्दा, अध्ययन गर्दा, योजना कार्यान्वयन गर्दा, अनुगमन मूल्याङ्कन गर्दा कोभिड -१९ जस्ता संक्रामक रोगहरुबाट हुने संक्रमणलाई ख्याल गरी उच्च सतर्कता अपनाउने नीति कायम गरिनेछ ।

१३०. नगरका सबै वडाहरुमा गुणस्तरिय एवं निर्धारित मापदण्ड अनुसारका सडकहरु निर्माण गरी सडक सञ्जाल विस्तार गरिनेछ ।

१३१. सडक पुल तथा यातायातका साथै अन्य पूर्वाधारका संरचनाहरु विपद एवं जलवायु परिवर्तनको प्रभाव कम हुने गरी डिजाइन गर्ने नीति अवलम्बन गरिनेछ ।

१३२. नगरमा निर्माण गरिने विभिन्न पूर्वाधारका संरचनाहरुमा प्रयोग हुने सामाग्रीहरुको गुणस्तर परिक्षणका लागी नगरस्तरिय निर्माण सामाग्री गुणस्तर परिक्षण ल्याव निर्माणको थालनी गरिनेछ ।

१३३. नगरको स्रोत, साधनले गर्न नसक्ने ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरी संघीय सरकार र प्रदेश सरकारसँग माँग गरिनेछ ।

१३४. बाढी, पहिरो, वस्ती डुवान र नदी कटान नियन्त्रण गर्न तट्बन्ध निमार्ण लगायत नदी नियन्त्रण गर्न प्राथमिकता दिइनेछ ।

१३५. खेलकुद क्षेत्रको विकासको आधारशिला तयार गर्न प्रत्येक वडामा कम्तीमा एउटा खेल मैदान निर्माण गर्ने नीति लिइनेछ ।

१३६. वन क्षेत्रमा पर्ने पूर्वाधार तर्फका सडक आयोजनाहरुको निर्माण गर्दा आवश्यकतानुसार IEE/EMP गरी कार्यान्वयन गरिनेछ ।

१३७. यस नगरपालिका भित्र भवन तथा आवास क्षेत्र सहरीकरण तीव्ररुपमा भै राखेकोले भवन निर्माण तथा भवन संहिताको पूर्णरुपमा पालना गरिनेछ ।

१३८. भवन संहिता तथा बिल्डिङ कोडको मार्गनिर्देशन र कार्यविधि समेत अनुसरण गरी आधुनिक सुरक्षित तथा भूकम्प प्रविधीमैत्री भवन तथा आवास संरचनाको निर्माण गरिनेछ । यस सम्बन्धमा बस्ती विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१३९. नक्सालाई अझ व्यवस्थित गर्नका लागी गोदावरी नगरपालिकाले Electronic Bulding Permit (EBPS) Software खरिद गरी नक्साका सम्पूर्ण कामहरुलाई अनलाईन प्रणालीबाट गरिनेछ ।

१४०. भूकम्प प्रविधीमैत्री भवन तथा आवास संरचनाको निर्माणको लागी निर्माणसँग सम्बन्धित डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकिकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिइनेछ ।

१४१. ईन्जिनियरिङ्ग विषयको अध्ययन गरिराखेका विद्यार्थीहरुलाई परिचालन गरी भवन निर्माण कार्यमा स्वयंसेवकको रुपमा परिचालन गर्न सकिनेछ ।

१४२. समुदायको क्षमता अभिवृद्धि गरी भूकम्प लगायत प्रकोपबाट हुने जीउधनको क्षती तथा जोखिम कमगर्नका लागी जनस्तरमा तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

१४३. भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोवासी तथा निजको परिवारले उपयोग गरिरहेको क्षेत्रफल समेतको विवरण भुमि सम्बन्धि समस्या समाधान आयोगको समवन्यमा गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

## (घ) वन, वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र

१४४. सर्वसाधारणमा वातावरण सम्बन्धी चेतना अभिवृद्धि गर्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । नगरभित्र वातावरण संरक्षण र सन्तुलनको लागी एक घर एक विरुवा रोप्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१४५. आगलागी, हावहुरीको उच्च जोखिममा रहेको यस नगरपालिकालाई खर/भुस छाना मुक्त नगरपालिका घोषणा गर्ने अभियानलाई अगाडी बढाइने छ ।

१४६. नगर क्षेत्र भित्रका कतिपय वन, जंगलका स्थानहरु रुखविरुवा विहिन भई खाली रहेको हुँदा यस्तो खाली स्थानमा संघ सरकार र प्रदेश सरकारको समन्वयमा जडीबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम संचालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ ।

१४७. हरित नगर अभियानलाई अगाडी बढाउन घरनक्सा पास गर्ने क्रममा एक घर २ विरुवा रोपी हुर्काउनु पर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । प्रत्येक घरधनीले घरनक्सा पास सम्पन्नको प्रमाणपत्र लिँदा विरुवा रोपी हुर्काएको प्रमाण सम्बन्धित टोलको नजिकको वडा सदस्यले प्रमाणित गरेको हुनुपर्ने व्यवस्था लागु गरिनेछ ।

१४८. नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ । नगर स्तरिय विपद व्यवस्थापन समिति र वडा स्तरिय विपद व्यवस्थापन समितिलाई क्रियासिल बनाइनेछ र जनस्तरमा पूर्व तयारी प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

१४९. विपद व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग वाणिज्य संघ लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघसंस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी बढाइनेछ ।

१५०. विपद जोखिम न्यूनिकरणका लागी आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैपरी आउने विपद व्यवस्थापनका लागी साझेदारीमा तालिम कार्यक्रम संचालन गरिनेछ ।

१५१. फोहोर व्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ । टोल विकास समिति, आमा समूह, सहकारी समूह, स्वास्थ्य समूह, महिला समूह, युवा क्लव, जेष्ठ नागरिक समूहहरु मार्फत फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ ।

## (ङ) <u>सुशासन तथा संस्थागत विकास क्षेत्र</u>

१५२. नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शि बनाई सेवाग्राहीले आफुलाई पायकपर्ने ठाउँमा गई राजश्व बुझाउन सक्ने व्यवस्थाका लागी १२ वटै वडा कार्यालयहरुमा अनलाईन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य अगाडी बढाइनेछ ।

१५३. सबै वडाहरुले आफ्ना वडाहरुमा भए गरेका कामहरुको विवरण जनता समक्ष पुऱ्याउन वेभसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१५४. नगरपालिकामा भएका निर्णयहरु विद्युतीय माध्यमबाट अभिलेखीकरण गरी वेभसाइट मार्फत सार्वजनिक गर्ने नीति लिइनेछ

१५५. नगरपालिका कार्यालयको भौतिक सम्पत्तीको उचित व्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने वा बढी खर्चलाग्ने असान्दर्भिक सामाग्रीहरुको लिलाम बिक्रि गर्ने नीति लिइनेछ ।

१५६. भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ ।

१५७. सहायता कक्ष, गुनासो व्यवस्थापन, सूचना व्यवस्थापन र नागरिक वडापत्रको समसामयिक व्यवस्थापन गरिनेछ ।

१५८. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउन पदाधिकारी र कर्मचारीहरुलाई आवश्यकतानुसार तालिमको व्यवस्था गरिनेछ ।

१५९. कार्यपालिकाको कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउन आवश्यक बजेटको यवस्था गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म माथीका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष ०७७/७८ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ९९ करोड ८९ लाख अनुमान गरेकोछु । कुल विनियोजन मध्ये चालु तर्फ रु. ६५ करोड ६९ लाख २९ हजार र पूँजीगत तर्फ रु. ३४ करोड १९ लाख ७१ हजार रहने अनुमान प्रस्तुत गरेकोछु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतहरु मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट रु. १९ करोड १० लाख, सशर्त अनुदानबाट रु. ३४ करोड ५८ लाख, राजश्व बाँडफाँडबाट रु. १४ करोड २३ लाख ७८ हजार छ सय र समपुरक अनुदानबाट रु. २ करोड ८ लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट रु. ८१ लाख ८४ हजार, प्रदेशबाट बाँडफाड हुने राजश्वबाट रु. ३५ लाख ३९ हजार र आन्तरिक आयबाट रु. ११ करोड १५ लाख ७५ हजार ५ सय र संचित कोषको मौज्दातबाट रु. १४ करोड ३७ लाख ८२ हजार ९ सय प्राप्त हुने गरी अनुमान गरिएको छ ।

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधारआई सुशासनको अनुभूति हुने विश्वास लिएकोछु ।

अन्त्यमा,

यो बजेट निर्माण प्रक्रियामा महत्वपूण सहयोग गर्नुहुने आदरणिय नगरप्रमुखज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारी साथीहरु लगायत अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ब्यक्त गर्दछु ।

**धन्यवाद ।**

**ख)** यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७७ पारित गर्ने निर्णय गरियो ।

**ग)** यस गोदावरी नगरपालिकाको राजश्व क्षतिपुर्ति तथा मिनाहा तपशिल बमोजिम क्षतिपुर्ति तथा मिनाहा गर्ने निर्णय गरियो ।

**देहाय:**

| क्र.सं. | विवरण | मिनाहा दिनुपर्ने रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | खुटिया नदी | २६२१९३५४.७२ | |
| २ | खैराना नदी | ४६७०३२२.३८ | |
| ३ | गोदावरी नदी | ५९३२१३१.९० | |
| ४ | कवाडी | १६३८३५६/- | |
| ५ | बसपार्क | ३०८७६७१/- | |
| | **जम्मा** | **४१५४७८३६/-** | |

**घ)** यस गोदावरी नगरपालिकाको कार्यपालिका बैठक र नगर प्रमुखबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**ङ)** यस गोदावरी नगरपालिकाको लेखा समितिको प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा औंल्याएको बेरुजु फछ्र्यौट गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**च)** यस गोदावरी नगरपालिकाको न्यायिक समिति कार्य सञ्चालन कार्यविधि २०७६ को दफा ६८ को मेलमिलापकर्ताहरुको सेवा सुविधा सम्बन्धमा दफा (१) मा मेलमिलापकर्ताहरुको विवाद समाधान गरे वापत सञ्चार, यातायात र खाना खर्च प्रति विवाद प्रति व्यक्ति रु. ८००/- (आठ सय रुपैया) का दरले प्रदान गरिनेछ भन्ने शब्द झिकी मेलमिलापकर्ताले विवाद समाधान गरे वापत प्रति विवाद प्रति व्यक्ति रु. १०००/- (एक हजार) प्रदान गर्ने भन्ने शब्द थप्ने निर्णय गरियो । साथै संशोधित तथा थप गरिएका अनुसूची फारामहरु :

अनुसुची २

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

न्यायिक समिति, गोदावरी नगरपालिका

<u>उजुरी दर्ता गरेको निस्साको ढाँचा</u>

श्री .........................................

.......................................

बिषयः उजुरी दर्ता निस्सा सम्बन्धमा ।

..................................मा बस्ने तपाई........................ले ...........................मा बस्ने .......................................बिरुद्धमा ..................................भनी उजुरी दर्ता गर्न ल्याएकोमा आज मिति ..........................मा तपाईको निवेदन दर्ता गरी दर्ता नं. ..............कायम भएकाले यो निस्सा जारी गरिएको छ ।

<u>अधिकृत कर्मचारी</u>

नामः ............................

पद ..............................

हस्ताक्षर

मिति

अनुसुची ३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

तारिख भर्पाई

न्यायिक समिति

गोदावरी नगरपालिका, कैलाली

| गोदावरी नगरपालिकामा खडा गरिएको तारिख भर्पाई | प्रतिवादी |
|---|---|
| बादी<br>नामः .......................................<br>ठेगानाः ...................................... | नामः ........................................<br>ठेगानाः ....................................... |

मुद्दाः ........................................

मितिः .........................मा यस मुद्दाको ............................काम गर्ने भएकाले सोहि दिनको ................बजे यस न्यायिक समितिमा उपस्थित हुनेछु ।

बादी प्रतिवादी

नामः ................................ नामः ..........................

हस्ताक्षर हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ४

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

तारिख पर्चा

न्यायिक समिति

गोदावरी नगरपालिका, कैलाली

गोदावरी नगरपालिकामा खडा गरिएको तारिख पर्चा

| बादी | प्रतिवादी |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः ........................................<br>ठेगानाः ...................................... |

मुद्दाः ........................................

मितिः .........................मा यस मुद्दाको .................काम गर्ने भएकाले सोहि दिनको ...............बजे यस न्यायिक समितिमा उपस्थित हुनुहोला ।

तारिख तोक्ने कर्मचारीको सहिछाप

नामः

पदः

हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ५

(दफा १५ को उपदफा ३ सँग सम्बन्धित)

लिखित जवाफ (प्रतिवाद)

..........जिल्ला ..............नगरपालिका वडा नं. .....बस्ने ......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(लिखित जवाफ प्रस्तुत कर्ता ) प्रथम पक्ष

बिरुद्ध

..........जिल्ला ..............नगरपालिका वडा नं. .....बस्ने ......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(निवेदक) दोस्रो पक्ष ।

बिषयः ......................................।

मिति ..............सालको निवेदन दर्ता नं. ......कायम भएको मुद्दामा उजुरवालाले मलाई लगाएको अभियोगका सम्बन्धमा मेरो व्यहोरा निम्न लिखित छ ।

१.

.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................
..............................................................................................

२. यस नगरपालिकाबाट जारी भएको स्थानीय न्यायीक समिति (कार्यबिधि सम्बन्धी) ऐन को दफा १४ बमोजिम लिखित जवाफ दर्ता दस्तुर रु ....।- यसै उजुरी साथ दाखिला गरेको छु ।
३. यो लिखित जवाफ म्याद भित्रै लिई म आफै उपस्थित भएको छु ।
४. यस बिषयमा अन्यन्त्र कहि कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन ।
५. यसमा लेखिएको व्यहोरा ठिक साचो सत्य हुन झुटा ठहरिएमा कानून बमोजिम सजाय भोग्न तयार छु ।

लिखित जवाफ प्रस्तुतकर्ता

नामः

ठेगानाः

हस्ताक्षर

ईति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ६

(दफा २० को उपदफा (६) सँग सम्बन्धित)

गोदावरी नगरपालिका न्यायिक समितिबाट जारी भएको

म्याद सूचना

...........जिल्ला ..........नगरपालिका बस्ने ..............को नाममा यस गोदावरी नगरपालिका न्यायिक समितिबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना

...................जिल्ला ............नगरपालिका बस्ने ................................ले तपाईको बिरुद्ध .......................................बिवाद परेको भनि निवेदन दर्ता गरेको हुँदा सो को प्रतिलिपी यसै पत्रका साथ पठाईएको छ । अतः तपाईले यो म्याद बुझेको वा रित पुर्वक **तामेल भएको मितिले १५ (पन्ध्र)** दिन भित्र यसै सूचनामा संलग्न ढाँचामा (अनुसुची ५) लिखित जवाफ सहित यस कार्यालय समक्ष हाजिर हुन आउनुहोला । अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

म्याद सूचना जारी गर्ने कर्मचारीको

नाम

पद

हस्ताक्षर

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ७ /

(दफा ......को उपदफा.......सँग सम्बन्धित)

न्यायिक समिति

गोदावरी नगरपालिका, कैलाली

बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाई

| बादी | प्रतिवादी |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः ........................................<br>ठेगानाः ...................................... |

मुद्दाः ........................................।

क) म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिले बुझिलिएकोमा

मेरो नाममा जारी भएको एक प्रति म्याद सूचना र मेरो बिरुद्ध गोदावरी नगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि समेत देहायका साक्षीहरुको रोहबरमा म आफैले बुझी लिएँ भनि दस्तखत गर्ने ............

(ख) म्याद सूचना बुझिलिनु पर्ने व्यक्तिको एकाघरको सदस्यले बुझिलिएकोमा

म्याद सूचना जारी भएको व्यक्तिले म्याद सूचना बुझ्न ईन्कार गरेको/फेला नपरेकोले गोदावरी नगरपालिका, न्यायिक समितिमा परेको निवेदनको प्रतिलिपि र म्याद सूचना देहायका साक्षीको रोहवरमा बुझिलिए भनि दस्तखत गर्ने म्याद सूचना बुझिलिनु पर्ने ....................को एकाघरको ........नाताको बर्ष ....को.........................।

(ग) म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति फेला नगरी तामेल गर्नु परेकोमा

बिपक्षी........................को नाममा जारी भएको म्याद सूचना बुझिलिनु पर्ने व्यक्ति / निजको घरपरिवारका सदस्यहरुले म्याद सूचना बुझिलिन इन्कार गरेको /निजको घर समेत तलास गर्दा फेला नपरेकोले निजका नाउँको एक प्रति म्याद सूचना सम्बन्धित वडाको ................ठाउँमा वा टोलको सार्वजनिक ठाउँ .........मा टाँस गरेका छौ भनी दस्तखत गर्ने व्यक्तिहरुः

१). ............जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ................
२). ...........जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री .................

साक्षी

माथि उल्लेखित खण्ड (....) बमोजिम हामीहरुको रोहवरमा म्याद सूचना तामेली भएको ठीक हो भनी दस्तखत गर्ने ।

१). ...........जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ....................
२). ...........जिल्ला ..........नगरपालिका वडा नं. ...मा बस्ने बर्ष .....का श्री ....................

रोहबर

............जिल्ला ..............नगरपालिका.......का वडा अध्यक्ष/सदस्य/सचिब श्री...........................................।

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ८

(दफा ४३ को उपदफा (३) सँग सम्बन्धित)

न्यायिक समिति

गोदावरी नगरपालिका, कैलाली

प्रारम्भीक सुनुवाई छलफलको अभिलेख

| बादी | प्रतिवादी |
|---|---|
| नामः ........................................<br>ठेगानाः ...................................... | नामः ........................................<br>ठेगानाः ...................................... |

मुद्दाः ........................................।

आजको प्रारम्भीक सुनुवाई छलफलमा हामी दुवै पक्षहरुले आ आफ्नो दावी जिकिर र प्रमाणका सम्बन्धमा छलफल गरी मुद्दामा ठहर गर्ने बिषय, बुझ्नु पर्ने प्रमाण र मुद्दाको कारबाहीका सम्बन्धमा देहाय बमोजिमको सहमति गरियो ।

क) यकिन गरिएका मुद्दाका ठहर गर्नु पर्ने बिषयहरु

१
२
३

ख) छलफलबाट भएका सहमतिहरुः

१
२
३

| | |
|---|---|
| *बादी* | *प्रतिवादी* |
| *नामः ................................* | *नामः ...........................* |
| *हस्ताक्षर* | *हस्ताक्षर* |

इति सम्बत् ................साल .........महिना .......गते रोज शुभम् ।

अनुसुची ९
(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)
न्यायिक समिति
गोदावरी नगरपालिका, कैलाली
मेलमिलापका लागि मेलमिलाप केन्द्रमा प्रेषण गरिएको पत्र

मितिः ..............................

श्री संयोजक ज्यु
........................मेलमिलाप केन्द्र
गोदावरी नगरपालिका वडा नं. ..........(ठाउँको नाम)

बिषयः मेलमिलापका लागि प्रेषण गरिएको बारे ।

यस न्यायिक समितिमा मिति ..............मा.......दर्ता नं. कायम भएको ..............जिल्ला ..................नगरपालिका वडा नं. .......बस्ने .....................ले ................जिल्ला .............नगरपालिका वडा नं. .......बस्ने ....................का बिरुद्धमा .......................................बिषयमा दिएको निवेदन उपर प्रारम्भीक सुनुवाई गर्दा दुवै पक्ष मेलमिलाप प्रक्रियाद्धारा विवादको समाधान गर्न सहमत भएकाले मिति.......................भित्र सो प्रक्रिया मार्फत विवाद समाधानमा सहजीकरण गरी दिन हुन देहायका कागजातहरुको प्रतिलिपी सहित मेलमिलापका लागि प्रेषण गरिएको व्यहोरा जाकारी गरिन्छ । साथै सो विबादको निर्धारित समयमा समाधान भएमा सहमति पत्रको प्रतिलिपी वा समाधान नभएमा सोको प्रतिवेदन सहित अन्तिम पटक मेलमिलापका लागि बसेको ३ दिन भित्र यस न्यायिक समितिमा पेश गर्नु होला ।

संलग्न काजजातहरु
१. पक्षले दिएको निवेदन प्रतिलिपी थान १
२. प्रारम्भीक सुनुवाइको छलफलमा भएको सहमति पत्रको प्रतिलिपी थान १

प्रेषण गर्ने कर्मचारीको
नामः
पद
हस्ताक्षर
मितिः

बोधार्थ
गोदावरी नगरपालिका, वडा नं. ....को कार्यालय, कैलाली

**अनुसूची...**
(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)
गोदावरी नगरपालिका
न्यायिक समिति समक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदन पत्र
श्री संयोजक ज्यु
न्यायिक समिति, गोदावरी नगरपालिका

बिषयः मिलापत्रका लागि संयुक्त निवेदन पेश गरेको बारे ।

मिति ………………मा यस न्यायिक समितिमा दर्ता भई दर्ता नं. ……कायम भएको बिवादका हामी दुवै पक्ष उक्त बिवादलाई मेलमिलापको प्रक्रियाबाट समाधान खोज्न सहमत भएकोले सो सम्बन्धमा आवश्यक प्रक्रिया अगाडी बढाई दिन हुन अनुरोध गर्दछौं ।

*बादी*
*नामः* ……………………………
*हस्ताक्षर*

*प्रतिवादी*
*नामः* ………………………
*हस्ताक्षर*

---

इति सम्बत् …………….साल ………महिना …….गते रोज शुभम् ।

**अनुसूची….**

(दफा ५३ को उपदफा (५) सँग सम्बन्धित)
न्यायिक समिति, गोदावरी नगरपालिका
मिलापत्रका लागि दिइने एकल निवेदनको ढाँचा

श्री …………………………

………………………………………

विषय : मेलमिलापद्वारा विवाद समाधान गरी पाउँ ।

प्रस्तुत बिषयमा हामी देहायका पक्षहरु बिच देहायको विवाद भएकाले मेलमिलापको प्रक्रिया मार्फत विवाद समाधान गरी पाउ भनी यो निवेदन पेश गरेको छु/छौं ।

१) विवादका पक्षको बिवरण

| क) पहिलो पक्ष (निवेदक) | | | |
|---|---|---|---|
| नाम ………………….. | लिंग | जात | उमेर |
| ………………………………जिल्ला | ……………………………नगरपालिका | | वडा नं.………………… |
| टोलको नामः …………………………………………… | | सम्पर्क नं. …………………………… | |

| ख) दोस्रो पक्ष (बिपक्षी) | | | |
|---|---|---|---|
| नाम ………………….. | लिंग | जात | उमेर |
| ………………………………जिल्ला | ……………………………नगरपालिका | | वडा नं.………………… |
| टोलको नामः …………………………………………… | | सम्पर्क नं. …………………………… | |

२) विवादको संक्षिप्त बिवरण

| बिवाद शुरु भएको मिति…………………………… |
|---|
| बिवादको संक्षिप्त बिवरण …………………………… |

निवेदक

नाम

हस्ताक्षर

अनुसुची ११

(दफा ११ (च) सँग सम्बन्धित)

...................मेलमिलाप केन्द

गोदावरी नगरपालिक, कैलाली

सहमति पत्र

विवादको बिषय : ....................................................................... ।

.................. जिल्ला ...................नगरपालिका वडा नं......बस्ने वर्ष .... को श्री ...............................................र .................... जिल्ला ...................नगरपालिका ..... वडा नं......... बस्ने वर्ष ........ को श्री .........................................बीच उल्लेखित बिषयमा विवाद भई यस मेलमिलाप केन्द्रमा निवेदन परेको हुनाले दुबै पक्षलाई राखी मेलमिलाप प्रक्रियाद्वारा मिति .... /......./ .... गतेमा छलफल गराउँदा तपसिलका बुँदाहरुमा हामी दुबै पक्षको चित्त बुझ्दो सहमति भएकोले सहमत भएको बुँदाहरुलाई निष्ठापूर्वक पालना गर्ने गरी मेलमिलापकर्ताहरुको/न्यायिक समितिको उपस्थितिमा राजीखुशीले यो सहमति पत्रमा सहीछाप गरी लियौँ/दियौँ ।

१..........................................................................................................................

२..........................................................................................................................

३..........................................................................................................................

४..........................................................................................................................

<u>सहमत हुने पक्षहरु :</u>

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षर |

अनुसुची १४
(दफा ७६को उपदफा (१) सँग सम्बन्धित)

गोदावरी नगरपालिका, कैलाली

न्यायिक समितिमा पेश गरेको भरिभराई निवेदन पत्र

<u>बिषयः भरिभराई पाउँ भन्ने बारे ।</u>

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक
बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

बिषयः ......................................

म निवेदक भरी भराइ गरिदिनका लागि निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा यस नगरपालिकाको न्यायिक समितिको मिति .........को निर्णय बमोजिम मैले यस कार्यालयमा मिति .................को न्यायिक समितिको फैसला बमोजिम मैले भरी भराई पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु ।
२. मैले यस कार्यालयमा आवश्यक तिर्नुपर्ने रकम तिरी सकेको र यस न्यायिक समितिको अन्तिम फैसला छायाकपी यसै साथ संलग्न छ ।
३. यसमा लेखिएको व्यहोरा ठिक साचो हो झुटा ठहरे सहुँला बुझाउला ।

निवेदक

.................

इति सम्बत् .................साल .........महिना .......गते रोज..... शुभम् ।

अनुसुची ..

(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)

गोदावरी नगरपालिका

न्यायिक समिति समक्ष चलन चलाउनको लागि दिइएको

निवेदन पत्र

बिषयः चलन चलाई पाउँ भन्ने बारे ।

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

मुद्दाः ......................................

म निवेदक निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दा यस नगरपालिकाको न्यायिक समितिबाट मिति ........मा निर्णय भई उक्त जग्गा ( वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री कैलाली जिल्ला अदालतमा बिपक्षीले पुनरावेदन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति .................मा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।

२. यसै निवेदनका साथ देहायका कागजातहरु समेत संलग्न गरेको छु ।

क. न्यायिक समितिले मिति ............मा गरेको निर्णयको छायाँकपी

ख. श्री कैलाली जिल्ला अदालतले गरेको मिति ..........को सदर फैसलाको छायाँकपी

ग. यस बिवाद सम्बद्ध मिसिल यसै कार्यालयमा रहेको छ ।
घ. लेखिएको व्यहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
निज ....................

इति सम्बत् ................साल .........महिना .......गते रोज..... शुभम् ।

अनुसुची ....
(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)

न्यायिक समिति,

गोदावरी नगरपालिका, कैलाली

नक्कलका लागि पेश गरेको निवेदन पत्र

बिषयः नक्कल पाउँ भन्ने बारे

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/ छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(प्रथम पक्ष) निवेदक

बिरुद्ध

..........जिल्ला ...............नगरपालिका वडा नं. .....बस्ने .......................को छोरा/छोरी, श्रीमान/श्रीमति ....बर्षको ...........................(दोस्रो पक्ष) बिपक्षी

मुद्दाः .................................................

म निवेदक नक्कल दस्तुर वापतको रु.........साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१) उपरोक्त बिपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका काजजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु । अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ ।

क).......................................................

ख) .......................................................

ग) .......................................................

घ) .....................................................

ङ) .....................................................

२) लेखिएको व्यहोरा ठिक साँचो छ, झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज ..................

इति सम्बत् ................साल .........महिना .......गते ....................रोज शुभम् ।

**छ)** यस गोदावरी नगरपालिकाका कर्मचारीहरुको आ.व. २०७७/०७८ को प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**ज)** यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७६ संशोधन गरी दफा १५ थप गरी देहाय बमोजिमको थप गर्ने निर्णय गरियो ।

**देहाय :**

२. **आर्थिक ऐन, २०७६ को दफा १५ मा संशोधनः** आर्थिक ऐन, २०७६ को दफा १५ को सट्टामा देहायको दफा १५ थप गरिएको छ ।

**१५. स्थानीय राजश्व वा कर छुट र जरिवाना एवं क्षेतिपूर्ति तथा मिन्हाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई दिइने राजश्व वा कर छुट र जरिवाना अनुसूचीहरुमा उल्लेख भए बमोजिम हुनेछ सो बाहेक प्रचलित अन्य कुनै कानूनमा किटानी व्वस्था भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा तोकिए बमोजिम हुनेछ ।

(२) कुनै कार्य बापत अग्रिम रुपमा राजश्व वा कर बुझाएको तर काबु बाहिरको परिस्थितिले कार्य सम्पन्न हुन नसकेमा सो को आंशिक वा पूर्णरुपमा क्षेतिपूर्ति दिने र काबु बाहिरको परिस्थितिको कारण कुनै व्यक्तिले बुझाउनु पर्ने राजश्व वा कर अशुलउपर गर्न नसकिने भएमा त्यस्तो राजश्व वा कर आंशिक वा पूर्णरुपमा मिन्हा नगरसभाले दिन सक्नेछ ।

**झ)** यस गोदावरी नगरपालिकाका करार सेवाका कर्मचारीहरुको बिमा तथा सामाजिक सुरक्षा कोष नियमानुसार लागू गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**ञ)** यस गोदावरी नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन पेश भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | मुद्धाका प्रकार | मुद्धा संख्या | मिलापत्र भएका | प्रक्रियामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | २१ | १५ | ६ | |
| २ | घरेलु हिंसा | ८ | ६ | २ | |
| ३ | बाटो तथा कुलो विवाद सम्बन्धी | ६ | ४ | २ | |
| ४ | ज्याला मजदूरी | ४ | ३ | १ | |
| ५ | बाली नोक्सानी | १ | | १ | |
| ६ | कुटपिट गालीगलौज | ५ | ५ | | |
| ७ | घरबहाल सम्बन्धी | ९ | | ९ | |
| ८ | लेनदेन सम्बन्धी | ७ | ४ | ३ | |
| ९ | जमिनभाडा उपलब्ध गराई पाउ | १ | | १ | |
| | **जम्मा** | **६२** | **३७** | **२५** | |

**ट)** यस गोदावरी नगरपालिकाको चालु आ.व.मा सम्झौता भएका पूर्वाधार निर्माण लगायतका अन्य योजनाहरुको म्याद २०७७ मंसिर मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**ठ)** सामुदायिक विद्यालयको विद्यार्थीसंख्या, निजी स्रोतका शिक्षक र विद्यालयको आर्थिक हैसियतलाई मध्यनजर गरी अनुदान दिन पेश भएको जम्मा रकम रु. १,४२,५०,०००/- (एक करोड बयालिस लाख पचास हजार मात्र) साझेदारी कोष (Matching Fund) बाट व्यहोने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**ड)** यस गोदावरी नगरपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम कोभिड १९ कोरोना भाईरसका कारण विशेष परिस्थितिमा खरिद भएका स्वास्थ्य सामाग्री, खाद्यान्न लगायतका अन्य जिन्सी मालसामानहरुको खर्च तथा विभिन्न निकायबाट प्राप्त सहयोग अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** कोभिड १९ कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कार्यको लागि हाल सम्म नगरपालिकाबाट रु. २,५०,००,०००/- दाखिला भएको मध्ये रु. १,५०,००,०००/- पुजिगत खर्च लेखी दाखिला भएकोले चालु आ.व. २०७६/०७७ मा सशर्त चालु तर्फ खर्च नभै बाँकी रहने रकमबाट उक्त पूजिगत खर्चको हिसाब सोधभर्ना गरी बढी भए जति रकम कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कोषमा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिकाको पाचौं नगरसभा २०७७ को बन्दसत्र मिति २०७७/०३/१८ गते विहान ११:०० बजे सोल्टी होटलको सभाहलमा बस्ने गरी आजको बैठक स्थगित गर्ने निर्णय गरियो ।